'पुर्खाले सिर्जेको सम्पति, हाम्रो कला र संस्कृति'

# भक्तपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर-२

## नगरस्तरीय बाँसुरी बाजा प्रतियोगिता हुनेबारे सूचना

भक्तपुर नगरपालिकाको आयोजनामा यही मिति २०७४ कार्तिक २५ गते नगरस्तरीय बाँसुरी बाजा प्रतियोगिता हुने भएकोले उक्त प्रतियोगितामा सहभागी हुन निम्न मिति, समय र स्थानमा आ-आफ्नो बाजाहरु दर्ता गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**फाराम वितरण तथा दर्ता गर्ने स्थान** : वडा नं. १ देखि १० वडा कार्यालयहरु

**दर्ता मिति** : २०७४/०७/१० गतेदेखि २०७४/०७/२२ गतेसम्म

**समय** : बिहान १०:०० बजेदेखि साँझ ५:०० बजेसम्म

**सहभागिता शुल्क** : प्रतिसमूह रु. २००।-

### *भक्तपुर नगरव्यापी बाँसुरी बाजा प्रतियोगिताका नियमहरू*

- प्रतियोगिताको क्रममा २०७४ कार्तिक २५ गते बिहान ११ बजे दूधपाटीबाट बाँसुरी बाजा बजाएर भार्वाचो, वंशगोपाल, टौमढी, सुकुलढोका, गोल्मढी, इनाचो हुँदै दत्तात्रयसम्म आउनुपर्नेछ ।
- मूल्याङ्कन स्थल टौमढी र दत्तात्रय हुनेछ ।
- प्रतियोगितामा सहभागी हुन घटीमा १० जनादेखि १५ जनासम्मको सहभागी रहेको टोली (प्रतियोगी समूह) हुनुपर्नेछ ।
- २०७४ कार्तिक २२ गतेभित्र प्रतियोगितामा भाग लिने समूहले प्रतिसमूह दर्ता शुल्क रु.२००।- बुझाई फाराम भरी दर्ता गर्नुपर्नेछ ।
- प्रतियोगितामा बाँसुरीका साथ मादल, लालाखीं, पछिमा, ढोलक, धिमाय्, हार्मोनियम, भ्वायलिन वाद्यवादन प्रयोग गर्न पाइनेछ । तँ, सिछ्याय्, झ्याली आफूले रोजेर बजाउन पाइनेछ ।
- पहिलो चरणमा दक्षिणकाली/ विश्व शान्ति धुन बजाउनुपर्नेछ ।
- प्रतियोगिताको समय एउटा बोलको निम्ति बढीमा ५ मिनेटको हुनेछ, ४ मिनेटमा जनाउ घण्टी दिनेछ । प्रतियोगीहरुले निर्णायक समूह अगाडि ५ मिनेट प्रस्तुत गर्नुपर्नेछ । प्रतियोगिता स्थलमा (मञ्चमा) समयमै उपस्थित हुनुपर्नेछ । कुनै व्यक्ति उपस्थित नभएमा २ मिनेटसम्म मात्र पर्खिनेछ ।
- दोस्रो चरणमा स्वेच्छिक धुन बजाउनुपर्नेछ ।
- प्रतियोगितामा सहभागी हुने प्रतियोगीहरुको पोशाकको एकरुपतालाई विशेष प्राथमिकता दिइनेछ ।
- एक जना प्रतियोगीले एक समूहबाट मात्र भाग लिन पाइनेछ ।
- प्रतियोगितामा भाग लिने सबै प्रतियोगीहरुको नामावली बुझाउनुपर्नेछ ।
- निर्णायकमण्डलको निर्णय नै अन्तिम निर्णय हुनेछ ।
- नगर परिक्रमा मूल्याङ्कनको अङ्क २० हुनेछ ।
- स्थलगत मूल्याङ्कनको अङ्क ८० हुनेछ ।
- नगर परिक्रमाको लागि सहभागी सङ्ख्या अधिकत्तम सीमा हुनेछैन ।